दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १८५ | बुटवल | २०८२ असार १७ गते, मंगलबार | नेपाल संवत ११४५ | Tuesday July.01, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## शिक्षा विधेयक पारित हुन सकेन



बुटवल । शिक्षामन्त्री रघुजी पन्तको आग्रह स्वीकार गर्दै प्रतिनिधिसभाको शिक्षा, विज्ञान तथा प्रविधि समितिको बैठक स्थगित गरिएको छ । अर्को बैठक कहिले बस्छ भन्ने टुंगो नभएकाले बैठक अनिश्चितकालका लागि स्थगित भएको हो ।

समितिको सोमबारको बैठकबाटै विद्यालय शिक्षा विधेयक टुंग्याउने तयारी भए पनि शिक्षामन्त्रीले बैठक स्थगित गर्न आग्रह गरेका थिए ।

शिक्षामन्त्रीको आग्रहपछि अहिलेसम्मको सहमतिबाट ब्याक नहुने गरेर बैठक स्थगित गरिएको समितिका सभापति अम्मरबहादुर थापाले जानकारी दिए ।

'अहिलेसम्मका सहमतिबाट ब्याक नहुने गरेर अर्को सूचना नआएसम्म बैठक स्थगित गरेका छौं ।'-सभापति थापाले भने ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले परिस्थिति जटिल बनेको भन्दै केही दिन विद्यालय शिक्षा विधेयक पारित नगरी छलफलका लागि समय माग्दै बैठक स्थगित गर्न आग्रह गरेका थिए ।

समितिसमक्ष त्यस्तो माग गर्नुअघि उनले प्रमुख सत्ताघटक नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग छलफल गरेका थिए । त्यसपछि सत्तागठबन्धनमा थप छलफल आवश्यक परेको भन्दै उनले बैठक स्थगितको माग गरेका थिए ।

## पहुँचको भरमा कारबाहीको उजुरी : खनाल



**गौरीशंकर जयसवाल**
*परासी*

नेपाली कांग्रेस लुम्बिनी प्रदेशका महामन्त्री विक्रम खनालले विगत केही दिनदेखि नियोजित तबरले फैलाइएको भ्रम र कपोलकल्पित अफवाह प्रति ध्यानाकर्षण भएको बताएका छन् । प्रतिनिधिसभा चुनावमा आफूविरुद्धमा अनुशासन समितिमा कारबाही उजुरी परेको र प्रतिनिधिसभा क्षेत्र १ मा पैसाको बलमा जिल्लामा नभई सिधैं केन्द्रमा पहुँचको भरमा कारबाही सिफारिस गर्ने निन्दनीय कार्य भएको उनले बताए ।

नेपाली कांग्रेस पार्टी कार्यालय परासीमा पत्रकार सम्मेलन गरी गलत, अराजक र पार्टी विरोधी गतिविधि गर्नेहरूको विरुद्ध एक भएर अगाडि बढ्ने बताएका हुन् ।

केन्द्रीय पार्टी अनुशासन समितिमा खनालविरुद्ध कारबाहीको उजुरी दर्ता भएको छ । पार्टीको केन्द्रीय समितिको बैठक सुरु भएको छ । बैठकमा अनुशासन समितिको प्रतिवेदनको एजेन्डा पनि रहेको छ । सोही एजेन्डामा आफूमाथि दर्ता भएको उजुरीमार्फत् कारबाही हुन सक्ने खनालगायत जिल्लाका नेताको आशंका छ । कारबाही भए त्यसको विरुद्ध कार्यकर्ताहरु एक भएर प्रतिवाद गर्ने केन्द्रीय समितिलाई दबाब दिन दिएका छन् ।

जिल्लामा केन्द्रीय सदस्य एंव पूर्वगृहराज्यमन्त्री देबेन्द्रराज कँडेल र खनालको गुट छ । खनाललाई कारबाहीको माग गर्दै कँडेललगायतका नेताले जिल्लामा नभई सिधैं केन्द्रमा पहुँचको भरमा उजुरी दर्ता गराएको खनाल पक्षको भनाइ छ ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ मा पार्टीका उमेदवार विनोद चौधरीलाई हराउन खनालले अभिव्यक्ति दिएको भन्दै केन्द्रीय समितिका उजुरी परेको छ । महामन्त्री खनालले भने पार्टीले टिकट दिनुपूर्व बाहिरी व्यक्ति उमेदवार भए कार्यकर्ताले सहयोग नगर्ने बताए पनि अन्ततः चौधरीले टिकट ल्याएपछि इमान्दारी पूर्वक लागेको दाबी गरे ।

केन्द्रीय सदस्य देबेन्द्रराज कँडेलमाथि सरावल गाउँपालिकामा पार्टीका आधिकारिक उम्मेदवारविरुद्ध बागी उठाएको र जिससको निर्वाचनमा बहुमत हुँदा हुँदै अर्कै पार्टीलाई जिताएको आरोप लगाउँदै कँडेलसहित ७ जनालाई जिल्ला समितिले कारबाहीका लागि सिफारिस गरिएको जिल्ला सचिव कुलदिप आचार्यले जानकारी दिए ।

### रुपन्देही–३ उपचुनाव:

# मधेशी मोर्चाबाट नाउपालाई उम्मेदवारी
# रेशम, धनिराम वा कुलमान को बन्ला ?



**लुम्बिनी संवाददाता**
*बुटवल*

रुपन्देही-३ मा हुन लागेको उपनिर्वाचनमा तराई केन्द्रित ७ दल सम्मिलित संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले नागरिक उन्मुक्ति पार्टीबाट उम्मेदवार उठाउने भएको छ । यहाँ आगामी कात्तिक १७ गते उप-निर्वाचन हुने भएको छ । आइतबार बसेको मोर्चाको बैठकले विगतका चुनावमा सबैभन्दा बढी मत पाएको आधारमा नागरिक उन्मुक्ति पार्टीबाट उम्मेदवारी दिने सहमति गरेको नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठले बताइन् । पार्टीबाट उम्मेदवार चयनको जिम्मा संरक्षक रेशम चौरीलाई दिएको श्रेष्ठले जानकारी दिइन् ।

'मोर्चाको बैठकले हिजो हाम्रो पार्टीबाट उम्मेदवारी दिने सहमति गरेपछि मैले अध्यक्षको हैसियतले उम्मेदवार चयन गर्ने जिम्मा संरक्षक रेशम चौधरी जीलाई दिइसकेको छु,' श्रेष्ठले भनिन्-'रेशमजी पनि भैरहवातिर गइसक्नु भएको छ, उहाँसँग पनि बुझ्नुस् न ।'

चौधरीले भने फोन रिसिभ गरेनन् ।

जनमत पार्टी लुम्बिनीका अध्यक्ष राजेन्द्र गुप्ताले नागरिक उन्मुक्ति पार्टीबाट रेशम चौधरी, धनिराम चौधरी वा कुलमान घिसिङको नाम उम्मेदवारको चर्चामा रहेको थाहा पाएको बताए । 'मोर्चाका नेताहरुसँग बुझ्दा रेशम र धनिरामसँगै कुलमान घिसिङ पनि उम्मेदवार बन्न दौडधुप गर्नुभएको छ भन्ने चर्चा सुनेको छु,' गुप्ताले भने-'कुलमानले रास्वपा वा नागरिक उन्मुक्ति जुनबाट उम्मेदवार बन्न पाए पनि बन्ने चर्चा मोर्चामा हिजोदेखि चलेको छ, उनले पाउने सम्भावना बलियो छ ।'

यसबारे बुझ्न कुलमानसँग सम्पर्क गर्दा फोन रिसिभ भएन । धनिरामले २०७९ को चुनावमा रुपन्देही १ बाट छविलाल विश्वकर्मा, घनश्याम भुसाल संग प्रतिस्पर्धा गर्दा १५ हजार मत पाएका थिए ।

राप्रपाबाट निर्वाचित सांसद दीपक बोहराको निधन भएपछि यहाँ उपचुनाव हुन लागेको हो ।

रुपन्देही-३ को उपनिर्वाचनमा विभिन्न दलबाट उम्मेदवारका आकांक्षीहरुले पार्टीबाट टिकट हात पार्न आफ्नो पक्षमा माहोल बनाउन सक्रिय छन् ।

रुपन्देही ३ मा नेपाली कांग्रेसबाट बालकृष्ण खाँण, भरत शाह, प्रमोद यादव, रामचन्द्र ढकालको नाम चर्चामा छ । एमालेबाट पोलिटब्युरो सदस्य खिमलाल भट्टराई, शशि पौडेल, दधिराम न्यौपाने, केन्द्रीय निर्वाचन आयोगका सदस्य भरत पोखरेल र सिद्धार्थनगर नगरपालिकाका पूर्वमेयर हरि अधिकारी पनि उम्मेदवार बन्ने चर्चा छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दीपक बोहराका छोराहरु क्या. गौरव बोहरा, प्रज्ज्वल बोहरा, नातिनी स्वाती थापा, पूर्व मेयर सागरप्रताप राणालगायत आकांक्षी छन् । गौरव र प्रज्ज्वल दुई श्रीमतीका छोरा हुन् ।

माओवादी केन्द्रसहितका विपक्षी दलबाट एकीकृत समाजवादीका युवा नेता एवं अस्पताल व्यवसायी कमल भण्डारी उम्मेदवार बन्ने चर्चा छ ।

रास्वपाबाट उम्मेदवारका आकांक्षी खुलेका छैनन् । रास्वपाले यहाँ जसरी पनि जित निकाल्ने रणनीतिमा रहेकाले अन्य दललाई पर्ख र हेरको अवस्थामा रहेको रुपन्देही ३ सभापति मधु अर्यालले बताए । बालेन समर्थक र रास्वपाबिच सहमति कायम गरेर एकजना उम्मेदवार खडा गरेर जित निकाल्ने रणनीतिमा एउटा समूहले गृहकार्य गरिरहेको स्रोतले जानकारी दिएको छ ।

२०७० सालमा पुरानै निर्वाचन क्षेत्र हुँदा दीपक बोहरा राप्रपाबाट विजयी भएका थिए । २०७४ मा नयाँ भूगोल समेटेर क्षेत्र बनेपछि एमालेका घनश्याम भुसाल र २०७९ मा पुनः राप्रपाका दिपक बोहरा विजयी भएका थिए ।

यस्तो छ विगतको नतिजा

२०७४ भदौ १५ मा निर्वाचन क्षेत्र निर्धारण आयोगले नेपाल सरकारलाई प्रतिवेदन बुझाएपछि रुपन्देहीमा निर्वाचन क्षेत्र नम्बर ३ को भुगोल नयाँ भएको हो । जस अनुसार रुपन्देही-३ मा शुद्धोधन गाउँपालिका, सिद्धार्थनगर नगरपालिका, सियारी गाउँपालिकाको वडा नं. १ देखि ३, ६ र ७, ओमसतिया गाउँपालिकाको वडा नं. २, मायादेवी गाउँपालिकाको वडा नं. ७ र ८, तिलोत्तमा नगरपालिकाको वडा नं. १३ र १४ र बुटवल उप-महानगरपालिकाको वडा नं. १४ देखि १९ वडा समेटिएको छ ।

२०४८ सालमा कांग्रेसका रामकृष्ण ताम्राकारले चुनाव जितेको यहाँ ०५१ मा एमालेका धनपति उपाध्यायले जितेका थिए । उपाध्यायको निधनपछि रिक्त रहेको सो क्षेत्रमा उपचुनाव हुँदा २०५२ मा एमालेकै घनश्याम भुसालले जिते । २०५६ सालमा फेरि कांग्रेसका ताम्राकारले जिते भने २०६४ सालमा क्षेत्र पुनर्संरचना भएपछि बालकृष्ण खाँण निर्वाचित भए ।

२०७४ सालमा नेपाली कांग्रेसले दीपक बोहरालाई उम्मेदवार बनाएर बालकृष्ण खाँणलाई समानुपातिक सांसद बनाएको थियो । तर, एमालेका तर्फबाट घनश्याम भुसालले ३२ हजार ८६६ मत ल्याएर जिते । बोहराले २७ हजार ४२२ मत ल्याएका थिए । त्यतिबेला एमाले र माओवादी केन्द्र मिलेर चुनाव लडेका थिए ।

» बाँकी ३ पेजमा

## सुनमा कर नीतिविरुद्ध राजनीतिक दलहरूसँग छलफल



बुटवल । सुनमा लगाइएको २ प्रतिशत बिलासिता कर र हिरा जडित गहनामा लागू गरिएको १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) खारेज गर्न माग गर्दै सुनचाँदी व्यवसायीहरूले प्रमुख राजनीतिक दलहरूसँग छलफल गरेका छन् ।

रुपन्देहीमा आयोजित 'राजनीतिक दलहरू तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया कार्यक्रम'मा व्यवसायीहरूले करलाई अन्यायपूर्ण भन्दै सशक्त विरोध जनाएका हुन् ।

रुपन्देही सुनचाँदी व्यवसायी संघका अध्यक्ष गोपाल रामदामको अध्यक्षतामा सम्पन्न कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल सुनचाँदी व्यवसायी महासंघका केन्द्रीय उपाध्यक्ष बुद्धि दियालीले सरकारले रैथाने तथा पुर्खौली पेशा गर्दै आइरहेको सुनचाँदी व्यवसायीहरूलाई आर्थिक वर्ष २०८२ र ०८३ को बजेट वक्तव्यमार्फत् घोषणा गरेको कर नीतिले व्यवसायीहरूलाई विस्थापित गराउन खोजेको बताए ।

सुनचाँदी पेशाको न्यायको निम्ति, श्रमको सम्मानको निम्ति, समस्त कालिगड तथा कर्मचारीहरुको रोजीरोटीको निम्ति हामी सुनचाँदी व्यवसायीहरू अहिले आन्दोलनमा होमिनु बाहेकको विकल्प नरहेको समेत उनले बताए ।

उनले भने-"सुनचाँदी जन्म, मृत्यु, संस्कार र परम्परासँग जोडिएको पुर्ख्यौली पेशा हो । यस्तो पेसालाई विलासिताको वस्तु भनिनु आपत्तिजनक छ । राज्यले प्रयोग गरेको 'बिलासिता' भन्ने शब्द नै हटाइनुपर्छ ।"

देशभर २३ हजार ६५० व्यवसायी सरकारी रूपमा दर्ता छन्, करिब ३ लाख व्यवसायी र १५ लाखभन्दा बढी परिवार यो व्यवसायमा निर्भर छन् । यस्तो पेसामाथि बोझ पार्ने निर्णय उपभोक्ता र व्यवसायी दुवैका लागि घातक भएको समेत उनले जनाए ।

उनले मूल्यवृद्धि पेट्रोलियममा हुँदा राजनीतिक दलहरू आन्दोलनमा उत्रने गरेका उदाहरण दिँदै भने-"संस्कार, संस्कृति र जीविकोपार्जनसँग जोडिएको सवालमा सबै राजनीतिक दलले आवाज उठाउनु जरूरी छ । स्थानीयदेखि केन्द्रसम्म दबाब सिर्जना हुनुपर्छ ।"

» बाँकी ३ पेजमा



## सम्पादकीय

# प्रशासनिक संघीयता कार्यान्वयनको बाटो

संघीय शासन प्रणाली विधिवत स्थापना भएको आठवर्षपछि प्रतिनिधिसभाबाट संघीय निजामती सेवा विधेयक पारित भएको छ । यो विधेयक पारित भएसँगै मुलुकको कर्मचारी प्रशासन एउटा लयमा हिंड्ने अपेक्षा गरिएको छ । नयाँ संविधानमा शासकीय स्वरूपअन्तर्गत संघीय शासन प्रणालीको व्यवस्था भयो । २०७४ सालमा भएको चुनावमार्फत् विधिवत रूपमा संघीय शासन प्रणालीको स्थापना भयो । चुनावले राजनैतिक नेतृत्व स्थापित गर्‍यो तर 'स्थायी सरकार' मानिने निजामती कर्मचारी प्रशासनलाई पुनःसंरचना गर्ने कानुनको अभावमा लामो समय कर्मचारी प्रशासन अन्तरिम ढंगले चल्यो । लामो छलफल र बहसपछि प्रतिनिधिसभाबाट निजामती विधेयक पारित भएको छ ।

संघीय निजामती विधेयक पारित नहुँदा स्थानीय तह र प्रदेशमा कर्मचारी व्यवस्थापन हुन सकेको छैन । प्रदेशसभाहरुले बनाएका प्रदेश निजामती कानुन पनि कार्यान्वयन हुन नसक्दा प्रदेशको औचित्यमै प्रश्न उठ्न थालेको बेला संघीय निजामती विधेयक प्रतिनिधिसभाबाट पारित भयो । संघीय निजामती विधेयक संघीयता कार्यान्वयनको महत्वपूर्ण कडी हो ।

विधेयकमा केही नयाँ विषय आएका छन्, जसले शासन प्रणालीलाई पारदर्शी बनाउन र निजामती प्रशासनलाई जवाफदेही बनाउन अवश्य बल पुर्‍याउनेछ । अब सरकारी सेवाबाट अवकाश पाएको कुनै पनि कर्मचारीले दुई वर्ष नपुगुञ्जेल राजनीतिक नियुक्ति तथा संवैधानिक आयोगमा नियुक्ति नपाउने व्यवस्था भएको छ । अर्थात् कुलिङ अफ पिरियड २ वर्ष राखिएको छ । यसअघि उच्चपदस्थ कर्मचारीले अनिवार्य अवकाश पाएको अर्को दिनदेखि नै राजनीतिक नियुक्ति वा संवैधानिक आयोगमा नियुक्ति खाँदै आएका थिए । यतिमात्रै नभएर कतिपयले त नेपाल सरकारको सचिव वा सह-सचिवको कार्यकाल नसकिँदै नियुक्ति खान राजीनामा दिएर जाने गरेका थिए । यो प्रवृत्तिले कर्मचारी प्रशासन विधिमा भन्दा स्वार्थमा चल्न थालेको टिकाटिप्पणी भइरहेको थियो । जिम्मेवारीमा रहँदा जवाफदेही हुने भन्दा अवकाशपछिको स्वार्थलाई प्राथमिकता दिँदा कर्मचारी प्रशासन भुत्ते हुने जोखिम बढेको थियो । दुई वर्ष कुलिङ पिरियडको व्यवस्थाउत्तम छ । विधेयकमा निजामती कर्मचारीको अवकाश उमेर अवधि ६० वर्ष कायम गरिएको छ । यसअघि ५८ वर्ष अनिवार्य अवकाशको उमेर अवधि रहेकोमा २ वर्ष थप गरेर ६० वर्ष पुर्‍याइएको हो ।

पारित विधेयकको व्यवस्थाअनुसार मुख्यसचिवको पदावधि १ वर्ष घटेको छ । यसअघि मुख्यसचिवको पदावधि ३ वर्ष रहेकोमा अहिले एक वर्ष घटाएर २ वर्षमात्रै राखिएको छ । यस्तै सचिवको सेवा अवधि अहिले ५ वर्ष रहेकोमा विधेयकमा ४ वर्ष मात्रै सेवा अवधि राखिएको छ । यद्यपि यो विधेयक लागू भएपछि मात्रै यो व्यवस्था लागू हुनेछ । अहिले नियुक्ति भएका मुख्यसचिव र सचिवको सेवा अवधि भने ५ वर्ष नै रहने विधेयकमा उल्लेख छ । यस्तै निजामती सेवा यसअघि श्रेणीगत मात्रै भएको भए पनि अब भने श्रेणी र तहगत गरेर दुबै हुने भएको छ । यसअघि शाखा अधिकृत अर्थात् राजपत्रांकित तृतीय, उपसचिव राजपत्रांकित द्वितीय, सहसचिव राजपत्रांकित प्रथम र सचिव र मुख्यसचिव राजपत्रांकित विशिष्ट श्रेणी हुने व्यवस्था रहेकोमा अब भने तहगत बनाइएको छ ।

विधेयक दुबै सदनबाट पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरण हुँदै राजपत्रमा प्रकाशित भएपछि तत्काल लागू हुनेछ । निजामति कर्मचारीसम्बन्धी कानुनको अभावमा प्रशासनिक संघीयता कार्यान्वयन हुन सकेको थिएन् । प्रशासनिक संघीयतालाई संस्थागत गर्ने कानुन आएको छ । अब शासन प्रणाली बलियो बन्ने फराकिलो ढोका खुलेको छ । यद्यपी कानुनको कार्यान्वयन इमान्दारी प्रयत्नबाट नै नतिजा निस्कन्छ ।

# शिक्षामा समान अवसर



'समान' भनेको बराबर हो र अवसर भनेको मौका हो । यस अर्थमा शिक्षामा समान अवसर भनेको शिक्षामा समान बराबर मौका दिनु पर्छ भनिएको हो । 'शिक्षामा समान अवसर' विश्वव्यापी नारा हो । कुनै पनि विद्यालय जाने उमेरका बालबालिकाले आफ्नो आर्थिक तथा सामाजिक स्तर, जातजाति, धर्म, लिङ्ग, वर्ण आदिका आधारमा विभेदरहित वातावरणमा शिक्षा प्राप्त गर्ने अवसर पाउनु भन्नु नै शिक्षामा समान अवसरको मूल मर्म हो ।

**निशा चौधरी**

'समान' भनेको बराबर हो र अवसर भनेको मौका हो । यस अर्थमा शिक्षामा समान अवसर भनेको शिक्षामा समान बराबर मौका दिनु पर्छ भनिएको हो । 'शिक्षामा समान अवसर' विश्वव्यापी नारा हो । कुनै पनि विद्यालय जाने उमेरका बालबालिकाले आफ्नो आर्थिक तथा सामाजिक स्तर, जातजाति, धर्म, लिङ्ग, वर्ण आदिका आधारमा विभेदरहित वातावरणमा शिक्षा प्राप्त गर्ने अवसर पाउनु भन्नु नै शिक्षामा समान अवसरको मूल मर्म हो । वर्तमान युगमा शिक्षा मानिसको आधारभूत आवश्यकताका रूपमा स्थापित भइसकेको छ । प्राथमिक तहसम्मको शिक्षालाई नै प्रारम्भिक शिक्षा भन्ने गरिन्छ । प्राथमिक शिक्षामा सबैको अवसर हुनु पर्छ भनिए पनि अझैं प्राथमिक विद्यालय उमेर (५-१२) वर्षका ५.७ प्रतिशतभन्दा बढी बालबालिका विद्यालय बाहिर रहेको कुरा अनुसन्धानले देखाएका छन् । विद्यालयमा भर्ना भएका मध्ये पनि कक्षामा अनुपस्थित हुने, बिचैमा कक्षा छाड्ने, असफल हुने जस्ता समस्या रहेका छन् ।

**समान अवसरका अवरोध**

शिक्षामा समान अवसरका कुरा गर्न जति सजिलो छ व्यावहारिक रूपमा उतार्न धेरै गाह्रो छ । कुनै ठाउँमा विद्यालय खोल्दैमा र पाठ्यपुस्तकको निःशुल्क वितरण गर्दैमा शिक्षामा समान अवसरलाई शत प्रतिशत व्यवहारमा उतार्न सकिँदैन । शिक्षाको समान अवसरमा धेरै तत्वले बाधा पुर्‍याइरहेको हुन्छ ।

भौगोलिक कठिनाइ : देशको भौगोलिक कठिनाइका कारण शिक्षाको समान अवसरमा बाधा पुग्छ । भौगोलिक रूपले कठिन स्थानमा पूर्वाधार जस्तैः सडक, यातायात, खानेपानी, विद्युत्, सञ्चार जस्ता सुविधाको राम्रो प्रबन्ध नहुँदा, विकट तथा दुर्गम ठाउँमा मानिसको जनघनत्व पनि कम हुँदा थोरै मानिसका लागि विद्यालयको सुविधा पुर्‍याउन गाह्रो हुन्छ । त्यस्ता ठाउँमा बालबालिका शिक्षातिरभन्दा खेतबारीमा काम गर्ने, भाइबहिनी हेर्ने, वस्तु चराउने जस्ता कार्यमा व्यस्त रहन्छन् । भौगोलिक रूपले विकट क्षेत्रका बालबालिकाको संख्या कम हुने हुनाले त्यस्ता बालबालिकालाई शिक्षाको अवसर प्रदान गर्न सरकारी पक्षबाट बेवास्ता हुने र त्यस्ता बालबालिका विद्यालय भएका स्थानमा जान कठिन हुनाले शिक्षाको समान अवसरमा अवरोध हुन जान्छ ।

सुविधाको असमान वितरण : सबै ठाउँमा समान रूपले सुविधाको वितरण हुन नसक्नु नै सुविधाको असमान वितरण हो । विकासका अवसर ग्रामीण क्षेत्रभन्दा सहरी क्षेत्रमा बढी केन्द्रित हुनु, गाउँपालिकाभन्दा नगरपालिकातर्फ विकास बढी गरिनु जस्ता कुरा सुविधाको असमान वितरणका उदाहरण हुन् । जब सुविधा समान रूपमा वितरण गर्न सकिँदैन यसले शिक्षाको समान अवसरमा बाधा पुर्‍याउँछ ।

जनसंख्याको उच्च वृद्धिदर : देशमा जनसंख्या वृद्धिदर उच्च रहँदा उपलब्ध सीमित स्रोतसाधनबाट मानवका असीमित आवश्यकता पूरा गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा देशले मानिसका न्यूनतम आधारभूत आवश्यकतामा केन्द्रित रहनुपर्ने हुँदा शिक्षामा लगानी गर्न सक्दैन । यसै गरी मानिसले पनि आफ्ना न्यूनतम आवश्यकतालाई बढी प्राथमिकता दिनुपर्ने हुँदा उनीहरूले पनि शिक्षामा लगानी र खर्च गर्न सक्दैनन् । जसले गर्दा बालबालिका शिक्षाको समान अवसरबाट वञ्चित हुन्छन् ।

कमजोर आर्थिक अवस्था : समाजमा सबै मानिसको आर्थिक अवस्था एकै किसिमको हुँदैन । उच्च, मध्यम र न्यून आर्थिक अवस्था भएका मानिस मिलेर समाज बनेको हुन्छ । उच्च वर्ग जहिले पनि मध्यम र निम्न वर्गलाई काममा लगाउँछन् । मध्यम वर्ग जेनतेन आफ्ना व्यवहार चलाउँछन् भने निम्न वर्ग सधैँ ज्यालादारी तथा मजदुरी गरेर जीवन चलाउँछन् । जसले गर्दा त्यस्ता बालबालिका शिक्षाको अवसरबाट वञ्चित रहन्छन् ।

लैङ्गिक विभेद : लिङ्गको आधारमा गरिने विभेदका कारणबाट पनि शिक्षाको समान अवसरमा अवरोध उत्पन्न हुन जान्छ । एउटै आमाबुवाको कारणबाट पनि शिक्षाको समान अवसरमा अवरोध उत्पन्न हुन जान्छ । छोराछोरीबिच हुने विभेदले गर्दा छोरीलाई अर्काको घर जाने जात भएको भनि पढ्नबाट वञ्चित गरिन्छ भने छोरालाई पढ्नुपर्ने अनिवार्य गराइन्छ । जबसम्म लैङ्गिक विभेदको अन्त्य हुँदैन यसले शिक्षाको समान अवसरमा बाधा पुर्‍याइ रहन्छ ।

**समान अवसरका उपाय**

शिक्षामा समान अवसरका विभिन्न बाधा र चुनौती छन् तथापि त्यस्ता अवरोधलाई सामना गरेर शिक्षाको समान अवसरलाई विस्तृत रूपमा विस्तार गर्नुपर्ने आवश्यकता हुन्छ । शिक्षामा समान अवसर प्रदान गरेर सम्पूर्ण नागरिकलाई उनीहरूको शिक्षासम्बन्धी मौलिक अधिकारको सुनिश्चित गर्न निम्न उपाय अवलम्बन गर्न सकिन्छ ।

शैक्षिक लगानीमा वृद्धि : जबसम्म व्यक्ति, समाज, राष्ट्रले आफूले गर्ने शैक्षिक लगानीमा वृद्धि गर्दैनन् तबसम्म ठाउँ ठाउँमा विद्यालय स्थापना हुने, राम्रा शिक्षक भर्ना गर्ने र सबै बालबालिकालाई शिक्षाको अवसरमा समाहित गर्ने सम्भव हुन सक्दैन । अतः सबै बालबालिकालाई शिक्षाको समान पहुँचमा पुर्‍याउन शैक्षिक लगानीमा वृद्धि गर्नु पर्छ ।

सिपमूलक शिक्षाको विस्तार : शिक्षाको समान अवसर प्राप्त गर्न शिक्षा व्यावहारिक भएन भने विद्यार्थीले बिचैमा कक्षा छोड्ने, असफल हुने जस्ता समस्या आउन सक्छन् । यदि शिक्षाले सीपमूलक, व्यावसायिक एवं प्राविधिक ज्ञानको विस्तार गर्न सक्षम भयो भने यस्तो शिक्षामा व्यक्ति मन, वचन र कर्मले संलग्न हुने गर्छ ।

आर्थिक सहयोग र छात्रवृत्ति : कैयौं बालबालिका कमजोर आर्थिक अवस्थाका कारण शिक्षाको अवसर प्राप्त गर्नबाट वञ्चित हुने भएकाले बालबालिकालाई विभिन्न आर्थिक सहयोग तथा छात्रवृत्ति जस्तै निःशुल्क शिक्षा, पोसाक, पाठ्यपुस्तक, खाजा, जेहेन्दार छात्रवृत्ति आदि प्रदान गर्न सकेमा बालबालिकालाई विद्यालयमा भर्ना गरी पढाइलाई निरन्तरता प्रदान गर्न सहयोग पुग्छ ।

शैक्षिक संस्थाको वृद्धि र समुचित व्यवस्था : जुन ठाउँमा शैक्षिक संस्था स्थापना नभएकै कारणबाट बालबालिका पढ्नबाट वञ्चित भएका छन् त्यस्ता स्थानमा शैक्षिक संस्थाको संख्या वृद्धि गर्न सकियो भने बालबालिकाले शिक्षाको अवसर प्राप्त गर्न सक्छन् । यसै गरी शैक्षिक संस्थाको स्थापना गरेर मात्र समान अवसर प्रदान गर्न नसकिने हुनाले यस्ता संस्थाको उचित व्यवस्थापनसम्बन्धी व्यवस्था मिलाउनु पर्छ ।

शिक्षाप्रति सकारात्मक धारणा : जब शिक्षा अनुत्पादक र बेरोजगार उत्पादन गर्ने साधनको रूपमा स्थापित हुन्छ तब मानिसले शिक्षाप्रति नकारात्मक धारणा राख्न थाल्छन् । शिक्षित व्यक्ति र अशिक्षित व्यक्तिबिच भिन्नता देखिएन भने शिक्षाप्रतिको आकर्षण घट्न जान्छ । तसर्थ शिक्षाबिना सुखी जीवनयापन गर्न सकिँदैन । मानव जीवनमा शिक्षाको ठुलो महत्व छ भन्ने भावनाको विकास समाज र राष्ट्रमा गर्न सकियो भने यसले व्यक्तिलाई शिक्षाको अवसर खोजी गर्न बाध्य बनाउँछ । गोपबाट

# विपद् आउँछ, तर के हाम्रो अस्पताल तयार छ ?




विपद् कहिले आउँछ भनेर कसैले पूर्वानुमान गर्न सक्दैन। भूकम्प, आगलागी, महामारीजस्ता संकटहरू कुनै सूचना दिएर आउँदैनन् । तर जब यस्तो विपद् आउँछ, सबैको आशा अस्पतालतिरै हुन्छ – अस्पतालले बिरामीको ज्यान जोगाउने, चोटपटकको उपचार गर्ने, र डरमा रहेका मानिसलाई हिम्मत दिने आशा गरिन्छ ।

तर प्रश्न उठ्छ – के हाम्रा अस्पतालहरू यस्तो संकट सामना गर्न तयार छन् ?

धेरै अस्पतालहरूले भन्छन् - 'हामीसँग डिजास्टर म्यानेजमेन्ट प्लान छ ।' तर त्यो योजना फाइलमा मात्र सीमित रहन्छ। अस्पतालमा 'आपतकालीन निस्कने बाटो' लेखिएको साइन बोर्ड हुन्छ, तर त्यो बाटो साँच्चिकै प्रयोग गर्न सकिन्छ कि सकिँदैन भन्ने सुनिश्चित छैन ।

२०७२ सालको भूकम्प समयमा धेरै अस्पतालहरूमाः बिजुली थिएन, अक्सिजन आपूर्ति रोकिएको थियो, मोबाइल/फोन सेवा चलेन, धेरै बिरामी एकैपटक आए, तर व्यवस्थापन गर्न गाह्रो भयो । यसबाट सिक्नुपर्ने कुरा के हो भने हामीले सतर्क हुनुपर्छ, नत्र संकटमा हाम्रो प्रणाली नै फेल हुन्छ ।

तयारी हुनु भनेको केवल योजना बनाउनु होइन । साँचो तयारी भन्नाले यी कुराहरू बुझिन्छः

१. आवश्यक सेवा सञ्चालनको ब्याकअप – बिजुली, पानी, अक्सिजन, इन्टरनेट - यी सेवा संकटमा पनि नरोकिनु पर्छ ।

२. सबै कर्मचारी तालिमप्राप्त हुनुपर्छ – डाक्टर मात्र होइन - नर्स, वार्डब्वाइ, सुरक्षा गार्ड, सरसफाइ कर्मचारी - सबैलाई के गर्ने थाहा हुनुपर्छ ।

३. धेरै बिरामीको व्यवस्थापन (क्गचनभ ऋबउबअष्तथ) – एकैपटक धेरै बिरामी आए भने कहाँ राख्ने? कसरी सेवा दिने ?

४. सुरक्षित निस्कने बाटो- आइसीयु , एनआईसीयु, ओटीबाट कसरी बिरामीलाई निकाल्ने ?

५. औषधि र सामग्रीको तयारी – पीपी, मास्क, औषधि, सलाइन आदि पर्याप्त मात्रामा भण्डारणमा हुनु पर्छ ।

स-साना कुराले पनि ठूलो दुर्घटना गराउँछ । उदाहरण – अस्पतालमा झुण्डिएको पंखा, थाम नभएको अलमारी, वा सास फेर्न नसकिने कोठा । यस्ता कुराले विपद् बढाउन सक्छ ।

**अब के गर्नुपर्छ ?**

- वर्षमा कम्तिमा दुईपटक मोक ड्रिल गरौं
- आपतकालीन व्यवस्थापन समिति सक्रिय होस्
- स्थानीय प्रशासन, प्रहरी, दमकलसँग समन्वय गरौं
- अभ्यासपछि समीक्षा गरौं - के कमजोरी देखियो ?
- स्टाफ मात्र नभई बिरामी र आगन्तुकलाई समेत सुरक्षा तालिम दिऊँ ।

विपद् आउँदा तयारी गर्न समय हुँदैन । त्यसैले अस्पतालले पहिले नै योजना, अभ्यास र सामर्थ्य बनाइसक्नुपर्छ । अस्पताल केवल उपचारको ठाउँ होइन – संकटमा समाजलाई सुरक्षा दिने केन्द्र पनि हो ।

हामी सबैले आजैदेखि सोध्नुपर्छ – के हाम्रो अस्पताल साँच्चै विपद् सामना गर्न तयार छ ?

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, एमडी (अस्पताल प्रशासन)

# नेप्से परिसूचक ९.१९ अङ्कले बढ्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार नौ दशमलव १९ अङ्कले बढेर दुई हजार ६३१ दशमलव ४८ विन्दुमा कायम भएको हो ।

विभिन्न ३१८ कम्पनीका एक करोड ४१ लाख ७२ हजार ५३५ कित्ता शेयर ६३ हजार ३७१ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ३८ करोड ७२ लाख सात हजार १५ बराबरको कारोबार भएको छ । कारोबारमा वित्त समूह शून्य दशमलव ०६, होटल तथा पर्यटन शून्य दशमलव ०३, जलविद्युत् शून्य दशमलव २८ र अन्य समूह शून्य दशमलव ३६ प्रतिशतले घटेको छभने अरू सबै समूहको उपसूचक बढेको छ ।

उत्पादन तथा प्रशोधन समूह सबैभन्दा धेरै एक दशमलव ६३ प्रतिशतले बढेको छ । बैङ्किङ शून्य दशमलव ३८, विकास बैङ्क शून्य दशमलव ७२, लगानी शून्य दशमलव ०२, जीवन बिमा शून्य दशमलव ८२, लघुवित्त शून्य दशमलव ९२, म्युचुअल फन्ड शून्य दशमलव ३६, निर्जीवन बिमा शून्य दशमलव ६१ र व्यापार समूह शून्य दशमलव ७२ प्रतिशतले बढेको छ ।

कारोबारमा राप्ती हाइड्रो एन्ड जनरल कन्स्ट्रक्सन लिमिटेडको शेयर मूल्यमा सबैभन्दा धेरै नौ दशमलव ९७ प्रतिशतले बढेको छ भने पञ्चकन्या माई हाइड्रोपावर लिमिटेडको शेयर मूल्य चार दशमलव ९२ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै साहास ऊर्जा लिमिटेडको रु ३६ करोड ५३ लाख ९८ हजार ४८८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सिङ्गटी हाइड्रो इनर्जी लिमिटेड सात लाख १५ हजार ९३९ कित्ता खरिदबिक्री भएको छ ।



**खानेपानी आयोजना निर्माणको काम सुस्तः**

बाँकेको डुडुवा गाउँपालिका-५ सिधनियाघाटस्थित राप्ती नदी किनारमा निर्माण गरिएको राप्ती खानेपानी आयोजनाको हेडवर्क। राप्ती नदीबाट दैनिक दुई करोड ५० लाख लिटर पानी नेपालगञ्ज ल्याउने उद्देश्यका साथ आर्थिक वर्ष २०७४/७५ बाट आयोजना निर्माणको काम सुरु भए पनि हालसम्म सम्पन्न हुन सकेको छैन। तस्विर : भेषराज बस्नेत / रासस

# अहमदको परिवारलाई पाँच लाख क्षतिपूर्ति दिने सरकारको निर्णय

काठमाडौँ । सरकारले बाँके जिल्ला डुडुवा गाउँपालिका बस्ने अकुव अहमदको परिवारलाई रु पाँच लाख क्षतिपूर्ति बापत आर्थिक सहायता उपलब्ध गराउने भएको छ। यही असार १३ गते बसेको मन्त्रिपरिषद्को निर्णय सोमबार सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेपाल सरकारका प्रवक्तासमेत रहेका पृथ्वीसुब्बा गुरुङले उक्त जानकारी गराएका हुन्।

मन्त्री गुरुङका अनुसार सार्वजनिक खरिद निर्णयको संक्षिप्त व्यहोरा समितिको अध्यक्षमा पूर्वसचिव रघुराम विष्ट र सदस्यहरूमा पूर्वसहसचिवहरू रोहितकुमार विसुराल तथा थानेश्वर गौतमलाई नियुक्त गर्ने निर्णय गरेको छ। त्यसैगरी विदेशी विनिमय (नियमित तथा व्यवस्थित गर्ने) विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने र सम्पत्ति व्यवस्थापन विधेयक तर्जुमाका लागि सिद्धान्त स्वीकृति दिइएको छ।

यही असार ३० गतेदेखि साउन १ गतेसम्म भियतनामको हनोईमा सञ्चालन हुने 'हाई लेवल इन्टररिजनल नलेज एक्सचेन्ज अन वान कन्ट्री वान प्राइरोटि प्रोजेक्ट (ओसिओपी) मोडेल्स्' कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रीलाई सहभागी हुन स्वीकृति दिइएको मन्त्री गुरुङले जानकारी दिए।

उनका अनुसार खानेपानी र सरसफाइ क्षेत्रको महत्त्वपूर्ण प्रगतिलाई दिगो प्रभावमा रूपान्तरण गर्न प्राइम मिनिस्टीरियल कमिट्मेन्ट : अ नेसनल ट्रान्सफर्मेसन इन, एण्ड थ्रु, वाटर, सेनिटेशन एण्ड हाइजिन' विषयक प्रतिबद्धतामा नेपालको तर्फबाट हस्ताक्षर गर्न सरकारले स्वीकृति दिएको छ।

सरकारले सहकारी संस्थाहरूको कर्जा असुलीसम्बन्धी मुद्दाको सुरू कारबाही र किनारा गर्न सर्वोच्च अदालतका उपसचिव कृतिबहादुर बस्नेत अध्यक्ष र धनकुटाका वसन्तराज पुरी तथा तनहुँका गोविन्द शर्मा गैरे सदस्य रहेको कर्जा असुली न्यायाधिकरण गठन गर्ने निर्णय गरेको छ। कर्जा असुली न्यायाधिकरणको आव २०८१/८२ का लागि आवश्यक अधिकृतस्तरका तीन पदको अस्थायी दरबन्दी स्वीकृत गर्ने मन्त्री गुरुङले जानकारी दिए।

साथै, नेपाली सेनाका एक जना सहायक रथीलाई उपरथी दर्जामा बढुवा गर्ने, फ्रान्सको पेरिसमा आयोजना हुने ४७औँ सत्रको 'अफ द वर्ल्ड हेरिटेज कमिसन' मा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलाई स्वीकृति दिइएको छ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको रिक्त कार्यकारी निर्देशक पदमा रामशरण पुडासैनीलाई नियुक्त गर्ने, प्रत्येक वर्ष असोज १५ गतेका दिनलाई राष्ट्रिय चलचित्र दिवसको रूपमा मनाउने एवं नेपाल र भारत सरकारबिच हस्ताक्षर हुने 'कोअपरेशन इन द फिल्ड अफ हेल्थ एण्ड मेडिसिन' विषयक समझदारीपत्र स्वीकृत गर्ने सरकारको निर्णय रहेको मन्त्री गुरुङले बताए।

मन्त्री गुरुङका अनुसार नेपाल र भारतबिच हस्ताक्षर हुने आयुर्वेद र परम्परागत चिकित्सा प्रणालीको क्षेत्रमा सहकार्य विषयक समझदारीपत्र स्वीकृत गर्ने, राष्ट्रिय पर्यटन नीति, २०८२ स्वीकृत गर्ने, खानेपानी मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवहरूको वैदेशिक भ्रमण स्वीकृत गर्ने सरकारका निर्णयहरू रहेका छन्।

# गलकोटका सबै माध्यमिक तहका विद्यालयमा पानीको सुविधा

बलेवा । स्रोत प्रसस्त भएर पनि गलकोटका अधिकांश विद्यालयमा पिउने पानीको अभाव थियो। मूलबाटै आउने भएर पनि पिउनका लागि समस्या भएपछि शुद्ध बनाउने विधिको खोजीमा रहेका विद्यालयले पहिलो पटक नयाँ विधिले पानी खान थालेका छन्।

गलकोटका १५ विद्यालयमा १६ 'आरो विधि'को खानेपानी जडान गरिएको छ। यो विधिले पानीको शुद्धिकरण गरेर सिधैँ धारोबाटै पिउन योग्य बनाइएको छ। पानी परीक्षण गरेपछि शुद्धिकरणको सुझाव आएको थियो। सो सुझावअनुसार मूलको पानीलाईसमेत पिउन योग्य बनाइएको हो। गलकोट नगरपालिकाले चालु वर्षको रु २० लाखको लागतमा माध्यामिक तह सञ्चालन भएका सबै विद्यालयमा यो विधिको धारा निर्माण गरेको हो।

पहिलो चरणमा मावि तहका विद्यालयमा सञ्चालन भएको यो विधि क्रमशः सबै विद्यालयमा पुऱ्याउने गलकोट नगरपालिकाका प्रमुख भरत शर्मा गैरेले बताए। 'हरेक बालबालिकाले शुद्ध पानी पिउन पाउनुपर्छ भन्ने मान्यताले यो विधि जडान गरेका छौँ,' उनले भने-'एउटै विद्यालयमा आधादर्जन धारा जोडिएका छन्। ती धारा अपाङ्गताग र बालमैत्री समेत छन्।'

दुई वर्षअघि गलकोटले बालमैत्री नगर घोषणा गरेको थियो। बालमैत्री नगर दिगोपनाका लागि आवश्यक सूचक पूरा गर्दै लैजाने क्रममा शुद्ध पानीको आवश्यकता देखेर लगानी गरिएको सामाजिक विकास समितिका संयोजक हिमबहादुर भण्डारीले बताए। यसअघि अधिकांश बालबालिकाले सिधैँ मूलको पानी खाने गर्थे। प्राविधिक रुपमा परीक्षण गर्दा ती पानीका मुहान पनि आवश्यकता अनुसारको शुद्धता नपाएपछि हरेक विद्यालयमा कम्तीमा दुई ट्याङ्की राखेर पानी वितरण गरिएको छ।

गलकोट माविमा भने विद्यार्थी संख्या धेरै भएकाले यहाँ भने अन्य विद्यालयको जस्तै दुईवटा प्लान्ट जडान भएको छ। 'विद्यार्थी संख्याको आधारमा पनि गलकोट माविमा पानी नपुग्ने भएपछि दुईवटा प्लान्ट जोडेका छौँ,' भण्डारीले भने-'यो विधि अब सबै विद्यालयमा लैजाने लक्ष्य छ।' यो विधिको पानी खान पाएपछि पूर्ण स्वास्थ्य र पूर्ण सरसफाइको सूचकमा पनि गलकोट अब्बल बन्ने उनले बताए।

बालमैत्री नगर घोषणापछि दिगोपनाका लागि धेरै प्रकारका सूचक पूरा गर्नुपर्ने कानुनी र व्यवहारिक बाध्यता छन्। ती सूचक भौतिक निर्माण, शिक्षा र स्वास्थ्यमा बढी छन्। स्वास्थ्यमा त शुद्ध पानी खाने विधि नै पहिलो भएकोले यो लगानी गरेर बालबालिकालाई वितरण गरिएको गैरेले जनाए।

बालमैत्री नगर घोषणा अघि वडा तहमा पूर्ण सरसफाइ घोषणा पनि सुरु भएको थियो। अझैँ त्यो अभियान भने पूरा भएको छैन। तर खानेपानीका मुहान शुद्ध बनाएर हरेक घरमा वितरण गरिने पानीलाई शुद्धिकरण गर्ने काममा भने नगरपालिकाले योजना पनि बनाइरहेको हो।

एक घर एक धारा अभियानमा पनि गलकोटले सफलता पाउन लागेको छ। ग्रामीण बस्तीमा बाहेक बजार क्षेत्रमा भने हरेक घरमा धारा, शौचालय र सरसफाइका सूचक पूरा भइसकेका छन्। त्यस बाहेक शिक्षामा गुणस्तर बढाउने अभियानमा पनि नगरपालिकाले काम गरिरहेको छ। भौगोलिक रुपमा टाढा भएका बस्तीका बालबालिकालाई आवास व्यवस्थापन गर्ने काम पनि गरेको छ।

गलकोट माविमा बालिकालाई महिनावारी भएको समयमा नुहाउने र कपडा फेर्ने कोठासमेत बनाइएको छ भने महेन्द्र मावि नरेठाँटीले सहरी विकास कार्यक्रममार्फत् आधुनिक शौचालय र स्नानगृहसमेत बनाएको छ। बजेट र आवश्यकता अनुसार अन्य विद्यालयमा पनि यो विधि लैजाने लक्ष्य राखेको नगरप्रमुख गैरेले जानकारी दिए।

# कालिकामा विद्यार्थीलाई सम्मान



बुटवल । बुटवल-१० कालिकानगरमा रहेको कालिका मानवज्ञान माविले हालै मात्रै प्रकाशन भएको एसईईको परीक्षामा ४ जीपीए ल्याउने ७ जना विद्यार्थीहरुसहित ५ सय ८९ जना विद्यार्थीलाई सम्मान गरेको छ। सोमबार विद्यालयमा एक विशेष कार्यक्रमको आयोजना गरी ग्रेडेट भएका विद्यार्थी र अभिभावकहरुलाई सम्मान गरिएको हो।

अनिस जिसी, अस्मीना पराजुली, प्रसंसा पराजुली, प्रतिक पौड्याल, स्वरुप न्यौपाने, सुर्दशन न्यौपाने र सुजन बाह्रघरेले जीपीए ४ ल्याएका थिए। कालिका मानवज्ञान माविबाट यो वर्ष ७ जना विद्यार्थीले जीपीए ४ ल्याएका छन्। जुन रुपन्देही जिल्लामा सामुदायिक विद्यालयमा दोस्रो हो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यानन्द ज्ञवालीको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै विद्यायका प्रमुख शैक्षिक सल्लाहकार तथा पूर्व प्रधानाध्यापक तथा बुटवल कालिका क्याम्पसका क्याम्पस प्रमुख घनश्याम पाठकले अभिभावकको संस्कारसहितको शिक्षाका कारण उपलब्धि हाँसिल भएको बताएका थिए। आमाबाबु र शिक्षकले मात्रै विद्यार्थी सर्वश्रेष्ठ रहेको हेर्न चाहाना रहेको भन्दै उनले अहिले प्राप्त गरेको नतिजालाई जोगाउनु सबैभन्दा महत्त्वपूर्ण रहेको धारणा राखेका थिए।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष तथा बुटवल कालिका क्याम्पसका अध्यक्ष होमबहादुर गलामी, अभिभावक संघका अध्यक्ष केशवराज न्यौपानेसहितका विभिन्न व्यक्तित्वहरुले बधाई तथा शुभकामना मन्तव्य राखेका थिए।

विद्यालयका कक्षा १० इन्चार्ज दिपक बन्जाडेको सञ्चालनमा भएको कार्यक्रममा बोल्दै विद्यालयका प्रधानाध्यापक दिनेश थापाले शिक्षकहरुको कडा मिहिनेत, विद्यार्थीहरुको अथक प्रयासबाट विद्यालयले उच्च नतिजा प्राप्त गर्न सफल भएको भन्दै सबैलाई बधाई तथा धन्यावाद दिएका थिए।

उच्च शिक्षाको नयाँ खुड्कीलो सुरुवात भएको भन्दै विद्यार्थीहरुलाई आगामी दिनमा आफ्नो भविश्य कस्तो बनाउने भन्ने निर्णय लिने बेला पनि आएको भन्दै सोहीअनुसार आफ्नो ईच्छा, आकांक्षा र योजना अनुसारको विषय छनौट गरी अगाडि बढ्न सुझाव समेत दिए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यान्द ज्ञवालीले कालिकाको सिर उचो राख्ने कालिकाका नक्षत्रहरुलाई बधाई दिँदै आगामी शैक्षिक यात्राको लागि कालिकामा नै स्वागत गरिएको जानकारी गराएका थिए।

# सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न




देवदह । देवदह नगरपालिका-५ ले सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ। वडा कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा गरेको विकास, सुशासन र सेवा प्रवाहका वारेमा सार्वजनिक सुनुवाइ सम्पन्न गरेको छ।

कार्यक्रममा आर्थिक वर्ष २०८१/०८२ को प्रगति प्रतिवेदन प्रस्तुत गर्दै वडाध्यक्ष गणेश डुम्रेले वडाको एक करोड ६ लाख, नगरस्तरीय समपुरक योजना २ करोड, प्रदेशको २ करोड १० लाख र संघीय सरकारको ४५ लाख गरी पाँच करोड ६१ लाख रुपैयाँबाट भएका कामहरुको विवरण प्रस्तुत गरे। उनले आर्थिक वर्ष ०८१/०८२ मा वडाले ४३ लाख ५० हजार रुपैयाँ राजस्व संकलन गरेको बताए। वडाअध्यक्ष डुम्रेले विकास निर्माणसँगै वडामा वालमैत्री अभियान, नियमित सरसफाइ, टोल विकास संस्थाका नियमित गतिविधि, विपद् व्यवस्थापन, वातावरणमैत्री क्रियाकलाप, भूमि सहजीकरण र वडा खेलकुद समितिले सक्रिय रुपमा काम गरिरहेको जानकारी दिए।

कार्यक्रममा बोल्दै नगर प्रमुख ध्रुवप्रसाद खरेलले गुणस्तर विकास निर्माणमा स्थानीयवासीको भूमिका महत्वपूर्ण हुने बताउँदै विकास निर्माणको विषयमा स्थानीयवासी सचेत र सजग हुन आवश्यक रहेको बताए। उनले प्रदेशको योजनाको अनुगमन स्थानीय तहलाई नहुने हुँदा प्रदेशबाट हुने गरेका विकासका कामहरु गुणस्तर नभएको गुनासो आउने गरेको जनाए। नगरप्रमुख खरेलले शुक्रबारे हाटबजारलाई व्यवस्थित गर्ने गरी नगरपालिका अगाडि बढेको बताउँदै बसपार्क र पार्किङ्को समस्या समाधान गर्न नगरपालिका तयार रहेको बताए। उनले पछिल्लो समय देवदहमा अव्यवस्थित बसोवास र सुकुम्बासी समस्या समाधान गर्ने गरी जग्गा नाचजाँचको काम भइरहेको बताउँदै लालपुर्जाको लागि सूचना प्रकाशन भएकाहरुले छिट्टै राजस्व बुझाएर लालपुर्जा लिन आग्रह गरे।

उप-प्रमुख विद्यालक्ष्मी गुरुङले नगरको विकास र सुशासन बनाउन जनप्रतिनिधिलाई नागरिकले खबरदारी गर्न आवश्यक रहेको बताइन्।

यसैगरी प्रमुख प्रशासकीय अधिकृत मधुकृष्ण पौडेलले सार्वजनिक सुनुवाइ कार्यक्रममा नागरिकले उठाएका विषयलाई नीतिगत रुपमा सम्बोधन गर्न नगरपालिका तयार रहेको बताए। कार्यक्रममा उठेका प्रश्न र जिज्ञाषाका विषयमा खानेपानीक ो तर्फबाट गुमानसिंह कुँवर, प्रहरी प्रशासनको तर्फबाट प्रहरी निरीक्षक भिमसेन विष्ट, विद्युत् कार्यालयका अर्जुन ढकाल, स्वास्थ्य बिमाका विकास गतहराजले जवाफ दिएका थिए।

सोहि अवसरमा वडामा उत्कृष्ट टोल विकास समितिको रुपमा मितेरी गाउँ, सबैभन्दा बढी लागत सहभागिता गराउने टोल विकास संस्था बुद्ध टोल, सरसफाइ युक्त टोल विकास संस्थाको रुपमा सुन्दर टोल, सिद्धार्थ कोलोनी, आदर्श, संगम पाल्पाली, एकता, बैकुण्ठनगर र दुर्गानगरलाई सम्मान गरिएको थियो। यसैगरी बालमैत्री वडा बनाउनका लागि सहयोग गर्ने तीनवटा व्यावसायिक संघसंस्था, बालमैत्री तथा फोहरमैला व्यवस्थापनमा सहयोग गर्ने बुद्ध सामुदायिक वन र पोषण तथा संस्थागत प्रसूति सेवामा योगदान पुऱ्याएको भन्दै महिला स्वास्थ्य स्वयम्सेवीकाहरुलाई सम्मान गरिएको थियो। वडा सदस्य संगीता सुनारको स्वागत, होमनाथ भट्टराईको सञ्चालन र पत्रकार रामबहादुर गुरुङ्गको सहजीकरणमा कार्यक्रम सम्पन्न भएको थियो।

**मधेशी...**

२०७९ सालमा दीपक बोहोरा राप्रपाबाट एमालेको साथमा विजयी भए भने बालकृष्ण खाँण दोस्रो भए।

समानुपातिक मत कसको कति ?

२०७९ सालको निर्वाचनमा नेपाली कांग्रेसले २० हजार २७८ मत पाएको छ। एमालेले १६ हजार ९८६ मत पाउँदा रास्वपाले १४ हजार १५४ मत पाएको छ। राप्रपाले भने जम्मा ९ हजार १८३ मत पाएको थियो।

त्यस्तै नागरिक उन्मुक्ति पार्टीले ६ हजार र जसपाले ५ हजार मत पाएको थियो। लोसपाले ५ हजार, जनमत पार्टीले ३ हजार ७००, माओवादी केन्द्रले २ हजार ६०० सय, जनमुक्ति पार्टीले १ हजार ९००, हाम्रो नेपाली पार्टी (लौरो)ले १ हजार ३४७ र नेकपा एकीकृत समाजवादीले ७८१ मत पाएका थिए।

**सुनमा...**

कार्यक्रममा नेकपा एमाले जिल्ला सचिव चित्र बहादुर केसीले देशको अवस्थालाई मध्यनजर गर्दै सरकारले शान्तिपूर्ण ढंगले वार्ताको माध्यमबाट मागको सुनुवाइ गर्नुपर्ने बताए। साथै उनले यो करको विषयमा व्यवसायीको असहमतीलाई प्राथमिकताका साथ लिएर अर्थमन्त्री विष्णु पौडेललाई पुनर्विचारको लागि अनुरोध गर्ने बताए।

नेपाली कांग्रेस जिल्ला सदस्य गोविन्द खनालले व्यवसायीका मुद्दा संसद र सरकारसम्म पुऱ्याउन प्रतिबद्धता जनाए। उपभोक्तासमेत मारमा पर्ने यस्तो कर प्रणालीप्रति सबै सरोकारवाला संवेदनशील बन्नुपर्ने धारणा उनले राखे।

त्यस्तै नेकपा माओवादी केन्द्रका जिल्ला अध्यक्ष निर्मल जिसीले सुनचाँदी व्यवसायीको पीडा गम्भीर रहेकोले आफ्नो संसदमा समेत निरन्तर आवाज उठाइरहेका बताए।

कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका महेन्द्र उपाध्याय, राप्रपा जिल्ला सहसचिव शंकर खत्री, राष्ट्रिय जनमोर्चा जिल्ला अध्यक्ष टाँनबहादुर केसी, नेकपा समाजवादी जिल्ला उपाध्यक्ष अबिराम बिक, नेपाल समाजवादी पार्टी नयाँ शक्ति जिल्ला सचिवालय सदस्य विष्णु खत्री, जनमत पार्टीका रुपचन्द यादव, र नेपाल किसान पार्टीका सुन्दर बासी, नेपाल कम्युनिष्ट पार्टीका जिल्ला सेक्रेटरी वीरेन्द्र श्री, पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे, उपभोक्ताहित संरक्षण मञ्च अध्यक्ष समुन्द्र जिसीलगायतले बोल्दै सुनचाँदी व्यवसायीको यो आन्दोलनमा एकेबद्धता जनाए।

कार्यक्रममा बुटवल सुनचाँदी व्यवसायी संघ अध्यक्ष एवम् कार्यक्रम संयोजक गकुल विश्वकर्माको स्वागत, महासचिव दिपक कौशलको सञ्चालन केन्द्रीय सदस्य दिपक विश्वकर्माको धन्यवाद ज्ञापनमा सम्पन्न भएको हो।

कार्यक्रम रुपन्देही सुनचाँदी व्यवसायी संघ र बुटवल सुनचाँदी व्यवसायी संघको आयोजनामा सम्पन्न भएको हो भने सिद्धार्थनगर, तिलोत्तमा, देवदह, शुदोधन, सैनामैना, कञ्चन, लुम्बिनी साँस्कृतिक सुनचाँदी व्यवसायी संघ र तिलोत्तमा आभूषण व्यवसायी संघको सह-आयोजनामा भएको हो।

**श्री डायमण्ड गोर्खा ट्रेनिङ्ग सेन्टर, (दर्ता नम्बर : २३५८११)**
**बुटवल उपमहानगरपालिका-७, रुपन्देही, (प्यान नम्बर : ६०९७३५७९८)**

**दर्ता खारेजी सम्बन्धी सूचना।**

त्यस कम्पनीका संस्थापकले कम्पनीको दर्ता खारेज गरी पाउँ भनी दिएको मिति २०८२-०१-०७ को विशेष साधारण सभाको बैठकको निर्णयले कम्पनी खारेजी गर्ने भएकाले त्यस कम्पनीले कुनै व्यक्ति, संस्थालाई तिर्नु बुझाउनु पर्ने कुनै ऋण दायित्व भए सो को सबुद प्रमाण सहित हक दावी गर्ने सम्बन्धी सूचनाको मस्यौदा देहाय बमोजिम रहेको छ। उक्त सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गराई सोको प्रति यस कार्यालयमा पेश गर्नु हुन मिति २०८२-०३-१५ को निर्णयानुसार जानकारी गरिन्छ। यस कार्यालयमा मिति २०७६-११-२० मा दर्ता भएको डायमण्ड गोर्खा ट्रेनिङ्ग सेन्टर प्राइभेट लिमिटेड (प्रा.लि.नं. २३५८११) नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# ४ जीपीए ल्याउनेलाई दीपले दुई लाख नगद पुरकार दिने



बुटवल । दीप बोर्डिङ् हाई स्कुल बुटवलमा माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ४ जीपीएसहित उत्कृष्ट नतिजा ल्याएका विद्यार्थी तथा अभिभावकहरुलाई सम्मान गरेको छ। सोमबार आयोजना गरिएको कार्यक्रममा बोल्दै विद्यालयका प्राचार्य टिकाराम न्यौपानेले ४५ वर्षको यात्रामा विभिन्न चुनौतीका बिच पनि विद्यार्थी, शिक्षकको अथक परिश्रम, आत्मविश्वास र लगनशिलताले विद्यालयले हरेक वर्ष उत्कृष्ट नतिजा ल्याउन सफल भएको बताए।

एसईईमा ४ जीपीए ल्याएका २ जना विद्यार्थीहरुलाई जनही २ लाख रुपैयाँ पुरस्कार प्रदान गरिने उनले बताए । साथै जीपीए ३.९५ भन्दा बढी ल्याउने विद्यार्थीलाई जनही ५० हजार र जीपीए ३.९० भन्दा बढी ल्याउने विद्यार्थीलाई जनही २५ हजार रुपैयाँ प्रदान गरिने प्राचार्य न्यौपानेले बताए । उक्त पुरस्कार विद्यालयको ४५औँ वार्षिकोत्सवका अवसरमा प्रदान गरिने उनले जानकारी दिए।

यस्तै, कक्षा ११ भर्ना हुने सबै विद्यार्थीलाई भर्ना निःशुल्क तथा ५० प्रतिशतसम्म छात्रवृत्ति प्रदान गरिने प्राचार्य न्यौपानेले घोषणा गरे । साथै जीपिएका आधारमा १०० प्रतिशतसम्म छात्रवृत्ति प्रदान गर्न सकिने उनले बताए। प्लस टुमा एचएम अध्ययन गर्ने विद्यार्थीहरूले होटल सोल्टी एन्ड रिसोर्टमा प्रयोगात्मक कक्षा (इन्टर्नसिप) लिन पाउने र लर्न टु अर्नलाई प्राथमिकता दिइने उनले जनाए। दीप बोर्डिङ्मा अध्ययन गरेका सयौँ विद्यार्थीहरु डाक्टर, इन्जीनियर, होटल तथा म्यानेजमेन्ट क्षेत्रका विभिन्न उच्च पदमा रहेको बताउँदै उनले एसईई पछिको उच्च शिक्षा अध्ययनका लागि पनि अभिभावकीय भूमिकामा रहने प्रतिबद्धता जनाए।

कार्यक्रममा सोल्टी होटलका डाइरेक्टर डा.रुपेश श्रेष्ठले एसईईपछि करियरको सुरुवात हुने भएकोले बालबालिकाको रुची अनुसारकै विषय र कलेज छान्न सकेमात्र सफलता प्राप्त गर्न सकिने जनाए। एचएम विषय स्थानीयकरण मात्रै नभई विश्वव्यापीकरण भएकोले यसको औचित्य दिन प्रतिदिन बढिरहेको उनले बताए । आजको वर्तमानले भविश्य निर्माण गर्ने भएकाले अभिभावकको इच्छाले विषय छान्दा भोलिका दिनमा सोंचेअनुसारको नतिजा नआउने र बालबालिकाको भविश्य नै अन्धकार हुनसक्ने उनले उल्लेख गरे।

कार्यक्रममा विद्यालयका उपाध्यक्ष उमाकान्त चापागाईंले शिक्षालाई व्यावहारिक सिप र व्यावसायिकतासँग जोड्नु आजको आवश्यकता रहेको बताए । विद्यालयमा उत्कृष्ट शैक्षिक वातावरणसँगै शिक्षक र विद्यार्थीको लगनशिलता र मिहेनतलेनै सफलता प्राप्त गर्न सकिने बताए। साथै उनले घरमा पनि अध्ययनका लागि उत्कृष्ट वातावरण बनाइदिन अभिभावकहरुलाई आग्रह गरे।

कार्यक्रममा बोल्दै ४ जीपीए ल्याएका विद्यार्थी सक्रिना कुँवरले अध्ययनका लागि दीप बोर्डिङ्मा उत्कृट शैक्षिक वातावरण रहेको बताइन् । साथै उनले आगामी शैक्षिक यात्रा पनि यसै विद्यालयबाटै अघि बढाउने योजना बनाएको बताइन्। यस्तै कक्षा १२ विज्ञान संकायमा अध्ययनरत विद्यार्थी संयोग नेपाल, कक्षा १२ का केबल राना, पूर्व विद्यार्थी संयागराज भण्डारी, मञ्जिला ज्ञवाली, पुस्कर न्यौपानेलगायतले बोल्दै दीप बोर्डिङ्ले पारिवारिक वातावरणमा गुणस्तरीय र संस्कारयुक्त शिक्षा प्रदान गर्दै आएको बताएका थिए।

कार्यक्रममा अभिभावक संघ रुपन्देहीका अध्यक्ष लोकनाथ ज्ञवाली, सोल्टी होटल तथा गेट कलेजका सिइओ इन्द्र खड्का, विद्यालयका शैक्षिक प्रमुख सन्दीप पटेल, कक्षा ११-१२ का संयोजक कमल नेपाल, अभिभावक कृष्ण पोखरेललगायतले बोल्दै जीपीएका आधारमा विषय छनोट गर्नेभन्दा पनि विद्यार्थीले आफ्नो रुचीअनुसारको विषय छनोट गरी नयाँ शैक्षिक यात्रा सुरु गरे अवश्य सफलता प्राप्त गर्न सकिनेमा जोड दिए।

एसईईमा दीप बोर्डिङ्बाट २ जना विद्यार्थीले ४ जीपिए ल्याएका छन् । यस्तै, ५५ जना विद्यार्थीले ३.६०-४ जीपीए, ५० जना विद्यार्थीले ३.२०-३.६० जीपीए, २३ जना विद्यार्थीले २.७७-३.२० जीपीए ल्याएको सह-प्राचार्य कलाधर अर्यालले जानकारी दिए। यस्तै, होटल म्यानेजमेन्ट पढ्न चाहाने विद्यार्थीहरुका लागि सोमबार नै विशेष प्रशिक्षण कार्यक्रम सम्पन्न भएको विद्यालयका उप-प्रचार्य सुरेन्द्रप्रसाद शाक्यले बताए। कार्यक्रमको सञ्चालन शिक्षक पुरुषोत्तम पाण्डेले गरेका थिए।

# न्यू होराइजनद्वारा ४ जीपीए ल्याएका विद्यार्थीलाई सम्मान



बुटवल । न्यू होराइजन अंग्रेजी आवासीय मावि बुटवलले माध्यमिक शिक्षा परीक्षा एसईईमा ४ जीपीएसहित उत्कृष्ट नतिजा ल्याएका विद्यार्थी तथा अभिभावकहरुलाई सम्मान गरेको छ । सोमबार विद्यालयमा एक कार्यक्रम आयोजना गरी ४ जीपीए ल्याउने ११ जनासहित तीन सय जना विद्यार्थी र अभिभावकलाई सम्मान गरिएको हो।

कार्यक्रममा बोल्दै विद्यालयका प्राचार्य उपाध्यायले न्यू होराइजनले हालसम्मकै उत्कृष्ट नतिजाको रेकर्ड कायम गरेको बताए । विद्यालयले विगतदेखि नै उत्कृष्ट नतिजा ल्याउने गरेकोमा यसपटक विगतका रेकर्ड तोडेको उनले बताए । गुणस्तरीय शिक्षाका लागि विद्यालय सधैँ दत्तचित्त रहेको र यसमा शिक्षक, विद्यार्थी र अभिभावकहरुको मेहनत र योगदान गरेको उनले जनाए। न्यू होराइजन संस्थागततर्फ धेरै जनाले ४ जीपीए ल्याउनेमा सम्भवतः नेपालमै प्रथम भएको उनको दाबी छ।

विद्यालयका अध्यक्ष ज्ञानेन्द्र कसजुले उत्कृष्ट नतिजाका लागि विद्यालयले दक्ष शिक्षक, विद्यार्थीमैत्री शैक्षिक वातावरण र भौतिक पूर्वाधारमा ठूलो लगानी गरेको बताए। उनले न्यू होराइजनमा ११ र १२ कक्षा समेत सञ्चालन रहेकाले यहाँ अध्ययन गर्न चाहने विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गरिने उनले उल्लेख गरे । कक्षा ११-१२ मा विज्ञान तथा व्यवस्थापन विषय अध्ययन गर्न चाहने विद्यार्थीका लागि आवश्यक पर्ने सम्पूर्ण भौतिक पूर्वाधार तथा दक्ष, अनुभवी एवं पूर्णकालीन प्राध्यापकसँगै उत्कृष्ट वातावरण रहेको कसजूले जानकारी दिए।

कार्यक्रममा बोल्दै ४ जीपीए ल्याएका विद्यार्थी बेदान्त गौतमले न्यू होराइजनमा अध्ययनका लागि उत्कृट शैक्षिक वातावरण रहेको बताए। साथै उनले आगामी शैक्षिक यात्रा पनि यसै विद्यालयबाटै अघि बढाउने जनाए। यस्तै अभिभावक गंगाराम भट्टराई र सुमित्रा शर्मालागायतले बोल्दै हरेक वर्ष उत्कृष्ट नतिजा र राम्रो शैक्षिक वातावरण भएका कारण बुटवल बाहिरका विद्यार्थी र अभिभावकको रोजाइमा न्यू होराइजन पर्ने गरेको बताएका थिए । उनीहरुले एसईईपछिको उच्च शिक्षामा बालबालिकाहरुको रुचि र चाहानाअनुसारको विषय छनोट गरी भर्ना गरेमा सफल हुन सकिने बताउँदै उत्कृष्ट नतिजाका लागि विद्यालय परिवारलाई धन्यवाद व्यक्त गरे।

एसईईमा न्यू होराइजनबाट ११ जना विद्यार्थीले ४ जीपीए, १२५ जना विद्यार्थीले 'ए प्लस', ९९ जना विद्यार्थीले 'ए', ५९ जना विद्यार्थीले 'बी प्लस' र ६ जना विद्यार्थीले 'बी' ग्रेड ल्याएका कक्षा १० का संयोजक प्रकाश गौतमले बताए। कार्यक्रममा विद्यालयका उप-प्राचार्यहरु बालकृष्ण भण्डारी र बासुदेव अर्याललगायतले बोल्दै उत्कृष्ट नतिजा आउनुमा समाजका सबै पक्षको सल्लाह, सुझाव र साथले पनि काम गरेको बताए।

# नुवाकोट जाने सडक क्षेत्रमा सरसफाइ



बुटवल । बुटवल उपमहानगरपालिका-१३ स्थित नुवाकोट जाने सडक क्षेत्र सरसफाइ गरिएको छ । परमेश्वरको मण्डली विश्व सुसमाचार समाज लुम्बिनी क्षेत्रीय संगठनको आयोजनामा ८७९२औं विश्वव्यापी वातावरण सरसफाइ अभियानअन्तर्गत उक्त कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले सरसफाइ तथा वातावरण संरक्षणको सन्देशमूलक अभियानमा सामाजिक संघसंस्थाको सक्रियता प्रशंसनीय रहेको बताए । 'वातावरण संरक्षण हरेक नागरिकको दायित्व हो। यस्ता अभियानले बुटवललाई स्वच्छ र पर्यटकमैत्री शहर बनाउन टेवा पुऱ्याउँछ।'- प्रमुख पाण्डेयले भने।

कार्यक्रममा उपमहानगरका प्रवक्ता शिव राना, वडा नं. ४ का अध्यक्ष नरिश्वर शर्मा पौडेल, १३ का अध्यक्ष नारायण पुन र वडा नं. ६ का अध्यक्ष लोकनाथ न्यौपानेले पनि बोलेका थिए। उनीहरूले सरसफाइ अभियानलाई निरन्तरता दिन स्थानीय सरकार सामाजिक संस्थासँग सहकार्य गर्न तयार रहेको बताए।

संगठनका अध्यक्ष दीपेन्द्र श्रेष्ठले विश्व सुसमाचार समाजले समाजसेवा, सरसफाइ र मानवहितका कार्यहरूलाई निरन्तरता दिँदै आएको जानकारी गराए । अन्तर्राष्ट्रिय विश्वविद्यालय बाइबल एकेडेमी लुम्बिनी क्षेत्रीय प्रमुख धिरज राईको स्वागत मन्तव्यपछि कार्यक्रमको सञ्चालन संगठन सदस्य निरज ठडराईले गरेका थिए।

कार्यक्रमअन्तर्गत भ्यूप्वाइन्ट रहेको सडक क्षेत्रमा विशेष सरसफाइ गरिएको थियो । संगठनका सुजन पुनका अनुसार उक्त क्षेत्रलाई आकर्षक बनाउने उद्देश्यले सरसफाइ गरिएको हो।

सामाजिक उत्तरदायित्वअन्तर्गत गरिएको यस्ता गतिविधिले बुटवलको वातावरण संरक्षण अभियानमा थप ऊर्जा थपेको छ। सहभागीहरूले आगामी दिनमा पनि यस्ता अभियान निरन्तर सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

# क्षमता अभिवृद्धि तालिम सम्पन्न




बुटवल । मणिमुकुन्द सेन उद्यान संरक्षण समिति, बुटवलले आफ्ना कर्मचारीका लागि क्षमता अभिवृद्धि तालिम सोमबार सम्पन्न गरेको छ।

तालिममा पर्यटकहरुको स्वागत सत्कार एवम् व्यवस्थापनमा कर्मचारीहरुको भूमिका, संस्था विकासका लागि कर्मचारीको योगदान, पर्यापर्यटन प्रवर्धनका लागि उद्यानको दायित्व र कर्तव्यका विषयमा उद्यान समितिका अध्यक्ष माधवप्रसाद नेपाल, उपाध्यक्ष माधव श्रेष्ठ, महासचिव युवराज घिमिरे र सामाजिक अभियन्ता दलबहादुर गुरुङले उक्त विषयहरुमा सहजीकरण गरेका थिए।

तालिम सम्पन्नपछि सहभागीहरुका तर्फबाट बन्दना शर्मा, लीलबहादुर बिक, सुकमाया सुनार, बाबुराम भुसाल, सुकबहादुर न्यौपाने, अमित श्रेष्ठ र फूलकुमारी चौधरीलगायतले जागिरे जीवनमा आफूहरुले पहिलोपटक यस्तो खाले प्रभावकारी तालिम लिन पाएकोमा खुसी प्रकट गर्दै आगामी दिनमा थप तालिमको अपेक्षासमेत गरेका थिए। तालिमले उर्जा थपेको र कार्यान्वयनमा सक्रिय हुने समेत बताए।

तालिममा सहजकर्ताहरुले आफ्नो समितिका कर्मचारीहरुलाई क्षमता विकास गर्न महत्त्वपूर्ण विषयवस्तु र प्रभावकारी तरिकाले सहजीकरण गरेकोमा उद्यानका प्रमुख कार्यकारी अधिकृत अनन्त सिलवालले धन्यवाद ज्ञापन गरेका थिए।

तालिममा उद्यानका तीन दर्जन कर्मचारीले सार्थक सहभागिता जनाएका थिए।












सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com